# मध्यविन्दु राजपत्र

खण्डः ०१ | संख्याः ०४ | मिति : २०७५/०३/१०

# भाग-१

## मध्यविन्दु नगरपालिका

नेपालको संविधानको धारा २२६ को उपधारा (१) को अनुसुची ९ बमोजिम मध्यविन्दु नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### विनियोजन ऐन, २०७५

**मध्यबिन्दु नगरपालिकाको आर्थिक वर्ष ०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेका ऐन**

**प्रस्तावनाः**

**मध्यबिन्दु नगरपालिकाको आर्थिक वर्ष ०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मध्यबिन्दु नगरसभाले यो ऐन अनुमोदन गरेको छ ।**

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम "मध्यबिन्दु नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष ०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

क) आर्थिक वर्ष ०७५/०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५५,१३,४०,८७९ (अक्षरुपी पचपन्न करोड तेह्र लाख चालिस हजार आठ सय उनासी रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

क) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०७५/०७६ को निमित्ति मध्यबिन्दु नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५% मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

ग) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५% भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूचि-१**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

**रु. हजारमा**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | २ | नगर कार्यपालिका | २७,४५,००,००० | २७,६८,४०,८७९ | ० | ५५,१३,४०,८७९ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | | | | | |